कालिका गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बागमती प्रदेश, नेपाल

प.सं.२०७७।७८

च.नं. :

कालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय धैबुङ, रसुवा बागमती प्रदेश, नेपाल २०७३

## घर भाडामा लिने सम्बन्धी सूचना !

प्रकाशित मिति:२०७७/०९/१५

यस कालिका गाउँपालिका अन्तर्गत ५ नं वडा कार्यालयका लागि घर वा फ्ल्याट भाडामा लिन आवश्यक परेकाले तपशिल बमोजिमको शर्त पुरा भएका इच्छुक घरधनीले आवश्यक कागजातसहित यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र शिलवन्दी प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ।

आवश्यक शर्तहरु:

१. प्रस्ताव गर्ने घरमा कम्तिमा ४ कोठा (कोठाको लम्बाई कम्तिमा १३ फिट र चौडाई कम्तिमा ११ फिट भएको), धारा, विजुली, पानीको व्यवस्थाका साथै शौचालयको उचित व्यवस्था समेत हुनु पर्नेछ।

२. भाडामा दिने घर यस गाउँपालिकाको कालिका-५, जिवजिवे अस्पताल र बजारसँग नजिक भएको हुनुपर्नेछ साथै कृषि सडक तथा अन्य सडकले जोडिएको हुनुपर्नेछ।

३. बैठक हलको लागि उपयुक्त हुने कोठाको व्यवस्था भएको साथै घरको अगाडी भागमा पार्किङका लागि पर्याप्त स्थान हुनपर्नेछ।

४. कार्यालयलाई असर नपर्ने गरी वाहिरीबाट भऱ्याङको व्यवस्था हुनुपर्नेछ।

५. प्रस्ताव पेश गर्दा मासिक भाडा रकम अंक र अक्षरमा खुलाई पेश गर्नुपर्नेछ र बहाल कर घरधनी स्वयंले व्यहोर्नु पर्नेछ।

६. घरधनीले प्रस्ताव पेश गर्दा निवेदन साथ घर जग्गाको जग्गा धनि दर्ता प्रमाण प्रत्रको प्रतिलिपी, आ.व २०७६/०७७ को सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपी संलग्न गर्नुपर्नेछ।

७. घरधनी आफै वा कानुन बमोजिमको वारेस बमोजिमको वारेस मार्फत प्रस्ताव पेश गर्नु पर्नेछ।

८. प्रस्ताव पेश गर्ने अन्तिम मिति: २०७७/०९/२२ गते दिनको ३:०० बजेभित्र ।

९. प्रस्ताव पेश गर्ने स्थान : कालिका गाउँकार्यपालिकाको कार्यालय, प्रशासन शाखा/भण्डार शाखा, धैबुङ रसुवा।

१०. प्रस्ताव स्वीकृत गर्ने/नगर्ने सम्बन्धमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।

११. यस बारेमा थप जानकारीका लागि यस गाउँपालिकाको प्रशासन शाखा वा भण्डार शाखामा सम्पर्क गर्न सकिनेछ।

०७७/९/१५

प्रमुख प्रशासकीय अधिकृत